नेपाल सरकार

# ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति: २०७५।०४।२५

आज मिति २०७५ साल श्रावण २५ गते यस मन्त्रालयमा आयोजित एक समाहरोह वीच नेपाल सरकारको ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय का माननीय मन्त्री श्री बर्षमान पुन 'अनन्त' तथा बङ्गलादेश सरकारको विद्युत, ऊर्जा तथा खनिज श्रोत मन्त्रालयका माननीय राज्य मन्त्री श्री नरशुल हमिद बाट विद्युत विकासको क्षेत्रमा द्विपक्षीय सहकार्य शुरुवात गर्ने प्रयोजनकोलागि एक समझदारीपत्रमा हस्ताक्षर भएको छ।

दुई देश वीच विद्यमान परम्परागत मित्रता लाई द्विपक्षीय आर्थिक तथा व्यपारिक विकासमा सहकार्य मार्फत अभिवृद्धि गर्ने; विद्युत उत्पादन, ग्रीड कनेक्टिभिटी, ऊर्जा दक्षता, नवीकरणीय ऊर्जा, तथा जलविद्युतको विकासवाट हुने पारस्परिक द्विपक्षीय हितलाई क्षेत्रिय हितमा रुपान्तरण गर्ने; विद्युत क्षेत्रमा सहकार्य तथा लगानी गर्न दुई देशका उद्यमीहरुलाई प्रोत्साहन गर्ने तथा दक्षिण एसियामा रहेको जलविद्युत विकासको अथाह सम्भावना तथा सो सम्भावनालाई क्षेत्रीय तथा उपक्षेत्रीय तहको सहकार्यवाट यस क्षेत्रका जनताको जीवनस्तरको विकास र सुधार गर्न सकिने जस्ता विषयवस्तुहरुलाई आत्मसात गर्दै यो समझदारीपत्रमा हस्ताक्षर भएको हो।

जलविद्युत विकास, प्रसारण लाइन, ऊर्जा दक्षता तथा विभिन्न प्रकारका नवीकरणीय ऊर्जाको विकास गर्ने; जनशक्ति विकास र ऊर्जा क्षेत्रको उत्पादकत्व तथा दक्षता बढावा गर्ने; विद्युत उत्पादन, प्रसारण, वितरण, ऊर्जा दक्षता, जलविद्युत आयोजनाहरुको विकास, लगानी, डिजाईन, निर्माण, स्थापना, सम्पन्न, संचालन तथा उत्पादनका क्षेत्रमा दुवै देशका सार्वजनिक तथा नीजि निकायहरुवीचको सहकार्य गर्ने; दुई देश वीचका विद्युत आयोजनाहरुमा संयुक्त उपक्रमको माध्यमवाट लगानी गर्न आआफ्नो देशको नीति तथा कानूनको अधिनमा रही सहयोग र समन्वय गर्ने; विद्युत आयोजनाहरुको सफल कार्यान्वयन गर्न सार्वजनिक तथा निजी क्षेत्रका निकायहरुलाई आवश्यक सहयोग तथा समन्वय गर्ने; एकअर्काका विद्युत गृहहरु, निकायहरु तथा पूर्वाधारहरुमा विद्युत क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुको भ्रमण आदान प्रदान गर्ने; दुई देश बीच विद्युत व्यापारको संभावना खोज्न उपयुक्त राष्ट्रिय तथा क्षेत्रीय ग्रीड कनेक्टीभिटी स्थापनाकोलागि दुवै पक्षले आवश्यक कदम चाल्ने जस्ता विभिन्न पक्षहरुमा दुई देश बीच संयुक्त सहकार्यकोलागि प्रोत्सहान तथा समन्वय गर्न सहमत भएको विषय यस समझदारीपत्रमा उल्लेख छ।

यी सहकार्यहरुलाई प्रवर्धन तथा समन्वय गर्न नेपालको ऊर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय र बङ्गलादेशको विद्युत, ऊर्जा तथा खनिज स्रोत मन्त्रालयका सहसचिवको सहअध्यक्षतामा एक संयुक्त कार्यदल गठन गर्ने तथा संयुक्त कार्यदलको प्रगतिलाई समिक्षा गर्न नेपाल सरकार तथा बङ्गलादेश सरकारका विद्युत सचिवले सहअध्यक्षता गर्ने गरी एक संयुक्त निर्देशक समितिको गठनको व्यवस्था यस समझदारी पत्रमा गरिएकोछ। वर्षको एक पटक यी संयन्त्रहरुको बैठक आलोपालो गरी ढाका र काठमाण्डौमा बस्ने समझदारी भएको छ ।

दिनेशकुमार घिमिरे
सहसचिव तथा प्रवक्ता